


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १६ गते बुधबार ❑ 30 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरामा पनि मनाइयो धान दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

असार १५ अर्थात राष्ट्रिय धान दिवस । यस अवसरमा पोखरामा संस्थागत ढंगले हर्स उल्लाहासका साथ धान रोपाई महोत्सव नभए पनि विभिन्न स्थानमा किसानहरुले धान दिवस मनाएका छन् ।

कोरोनाले गर्दा यस बर्ष धान रोपाई महोत्सव प्रभावित भए पनि पोखराका केही ठाँउमा केही किसानले असार पन्ध्रम मनाएका हुन् । पोखराको हेमजा क्षेत्रमा यसरी एक आपसमा किसानहरुले हिलो छ्यापछ्याप गर्दै असार १५ मनाएका हुन् । पछिल्लो समयमा यात्रिकीकरणले गर्दा पनि धान उत्पादन बढ्न थालेको पोखरा १३ आर्वाका एक किसान चित्रनाथ पौडेलले बताए । जेठोबुढो धानको पोखराको पहिचान नै भएकोले उक्त धानको प्रबर्द्धनमा आफु लाग्दै



आएको पौडेलले बताए ।

पोखरामा यस बर्षको असार १४ गते सम्म करिब ६० प्रतिशत धान रोपाई भएको पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताए । पोखरामा ११ हजार २ सय हेक्टर क्षेत्रफलमा धान उत्पादन हुने गरेको उनले जनाए । पोखरा क्षेत्रमा करिब ३९ हजार २ सय मेटिक्टन धान उत्पादन हुने गरेको महाशाखा प्रमुख कडरियाले जनाए । यस बर्ष समयमै मनसुन राम्रो भएकोले गर्दा धेरै ठाँउमा धान रोपेसंगै धान उत्पादन समेत बढ्न सक्ने उनले जनाए । पोखरामा जेठोबुडो, पहेले, झिनुवा लगायतका धान उत्पादन हुदै आएको कडरियाले जनाए । पोखराको पहिचान नै भएको पोखरेली जेठोबुडो उत्पादन बृद्धि गर्न महानगरले प्रबर्द्धन गर्दै आएको उनले दाबी गरे ।

## मुख्यमन्त्री पोखरेल-इजरायली राजदूत भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र नेपालका लागि इजरायलका राजदूत हनान गोडेरबीच मंगलबार पोखरामा भेट भएको छ ।

पोखरास्थित मुख्यमन्त्री कार्यकक्षमा भएको भेटमा मुख्यमन्त्री पोखरेलले कृषिमा दक्ष जनशक्ति उत्पादन गरी व्यावसायिकता बृद्धि गर्न आफूहरु इजरायलसँग सहकार्य गर्न तयार रहेको बताए । अहिले गण्डकी सरकारले युवा किसानलाई तालिमका लागि इजरायलमा पठाउँदै आएको र आगामी वर्षमा समेत यो कार्यक्रमले निरन्तरता पाउने उनले बताए । यसको व्यवस्थापन लमजुङस्थित आराभा नेपाल मोर्डन एग्रिकल्चर लिमिटेडले गरिरहेको छ। आराभा नेपाल इजरायलमा गई त्यहाँको कृषि प्रणालीअनुसार लमजुङ दुराडाँडामा खेती गरिरहेका युवाले खोलेको पब्लिक लिमिटेड कम्पनी हो। उक्त कम्पनीका कृष्ण



बजगाईंले पहिला नेपालमै तालिम दिएपछिमात्रै किसानलाई इजरायल पठाउने गरिएको बताए ।

मुख्यमन्त्री पोखरेलले नेपाल र इजरायलबीच ६० वर्ष लामो कुटनीतिक सम्बन्ध रहेको चर्चा गर्दै तत्कालीन प्रधानमन्त्री विपी कोइरालाको पहलमा उक्त सम्बन्ध स्थापित भएको स्मरण गरे । इजरायलबाट दक्ष जनशक्ति नेपालमा ल्याएर सहकारी प्रवर्द्धनका लागि समेत समेत बिपी कोइरालाले पहल गरेको उनले बताए । २ देशबीच भावनात्मक हिसाबले पनि सम्बन्ध प्रगाढ रहेको उनको भनाइ थियो । राजदूत गोडेरले नेपाल र इजरायलबीच अति प्रगाढ सम्बन्ध रहेको बताउँदै अझ धेरै गर्न सकिने सम्भावना रहेको चर्चा गरे । उनले दुवै देश भूगोलका हिसाबले साना भए पनि भाषा, संस्कृति र परम्परामा धनी रहेको बताए । अहिले सातै प्रदेशबाट ५ सयको हाराहारीमा युवा किसानहरु तालिमका लागि इजरायलमा छन् ।

उक्त अवसरमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रदेशका निमित्त प्रमुख सचिव रामचन्द्र ढकालले नेपाल इजरायल सम्बन्ध र सहकार्यका बारेमा भनाइ राखेका थिए ।

## एमालेको केन्द्रीय कमिटी ब्युँतने

**रासस**
**काठमाडौं, १५ असार**

नेकपा (एमाले) ले दसौं राष्ट्रिय महाधिवेशन आयोजक समितिलाई रूपान्तरण गरी पूर्ववत् केन्द्रीय कमिटीको बैठक आव्हान गरेको छ ।

पार्टीभित्र असन्तुष्ट रहेका पक्षको मागका आधारमा एमालेको मंगलबार सम्पन्न स्थायी कमिटीले बुधबार हुने आयोजक कमिटीको बैठकबाट त्यसलाई अनुमोदन गराउने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न स्थायी कमिटीको बैठकले मुलुकको पछिल्लो राजनीतिक अवस्था जटिल र संकटपूर्ण भएको निष्कर्षसहित केन्द्रीय कमिटीको बैठक यही असार १८ गते आव्हान गर्ने निर्णय गरेको पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिए । एमाले अध्यक्ष केपी शर्मा ओलीले केही शर्तसहित गत जेठ २३ गते पार्टीलाई एकताबद्ध बनाउन २०७५ जेठ ३ गते नेकपा (माओवादी केन्द्र) सँगको एकतापूर्वको संरचनामा सञ्चालन गर्न तप्पर भएको घोषणा गरेका थिए । अध्यक्ष ओलीले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्तावमा जोडिएका नेपाल पक्षका केही तत्कालीन सांसद्ले हस्ताक्षर फिर्ता गर्नुपर्ने शर्त राखेका छन् । उक्त हस्ताक्षर फिर्ता भएमा पार्टीले गरेका कारबाही फिर्ता गरिने र यसबीचका विवादका कारण कसैप्रति पूर्वाग्रह नराखिने अध्यक्ष ओलीको प्रस्ताव थियो ।

यसअघि स्थायी कमिटीको यही असार १३ गतेको बैठकले सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्धा, पार्टीको महाधिवेशन आयोजक कमिटीमाथि उठाइएका विवादलगायत विषयमा छलफल गर्न १६ गते बिहान ११ महाधिवेशन आयोजक कमिटीको बैठक बस्ने तय गरेको थियो ।

सर्वोच्च अदालतको गत फागुन २३ गतेको फैसलाबाट एमाले र माओवादी एकतापूर्वको अवस्थामा रहेपछि एमालेको गत फागुन २८ गतेको केन्द्रीय कमिटीको बैठकले आयोजक कमिटी गठन गरेको थियो । उक्त निर्णयमा नेता माधवकुमार नेपाल पक्ष असन्तुष्ट रहँदै आएकामा वार्ता र संवादबाट पार्टी एकतालाई कायम राख्ने कोशिश भइरहेको छ ।

## परनिर्भरता घटाउन कृषि कर्ममा जोड दिनुपर्छ : प्रदेश प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

गण्डकी प्रदेशका प्रदेश प्रमुख सीताकुमारी पौडेलले अर्थतन्त्र सबल बनाउन र परनिर्भरता घटाउन कृषि कर्ममा जोड दिनुपर्ने बताएकी छन् ।

राष्ट्रिय धान दिवस २०७८ को अवसरमा सम्पूर्ण कृषकलाई शुभकामना सन्देश दिँदै उनले कृषिप्रधान मुलुक नेपालमा 'मानो रोपेर मुरी उब्जाउने' दिनको विशेष महत्व रहेको उल्लेख गरेकी छन् ।

कृषिमा परनिर्भरता बढ्दै गएका कारण उत्पादकत्व बढाउने उद्देश्यले नेपाल सरकारले २०६१ मङ्सिर २९ गते मन्त्रीस्तरीय निर्णय गरी २०६२ असार १५ देखि राष्ट्रिय धान दिवस मनाउन थालेको र संविधानमा खाद्यसम्बन्धी हकलाई मौलिक हकका रुपमा व्यवस्था गरिनुको साथै यस हकको कार्यान्वयन गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ समेत जारी भइसकेको उल्लेख गरेकी छन् । नेपाल सरकारले प्रमुख खाद्यान्न बालीका रुपमा रहेको धानको उत्पादन वृद्धि गरी देशमा दिगो खाद्य सुरक्षा कायम गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेर नीति तथा योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेकाले यसलाई सार्थक तुल्याउन तीनवटै तहका सरकारको समन्वयात्मक र एकीकृत प्रयासको आवश्यकता रहने सन्देशमा उल्लेख छ ।

कृषिमा आधारित यस दिनलाई आत्मनिर्भरतर्फ उन्मुख गराउन आधुनिकीकरण र व्यावसायिक कृषि प्रणालीमा जोड दिन पनि उत्तिकै आवश्यक रहेको औँल्याइएको छ ।


सन्देशमा यतिबेला कोरोना महामारीले देशभित्र तथा विदेशमा रोजगारी गुमाएका जनशक्तिलाई कृषि कर्मले एउटा अवसर प्रदान गर्न सक्ने भएकाले आवश्यक बीउ, मल तथा अन्य सामग्रीको सहज उपलब्धता सुनिश्चित गर्न राज्य र सम्बन्धित निकायले समयमै ध्यान दिनुपर्नेमा जोड दिइएको छ ।

## कोभिड प्रभावितव्यवसायी उकास्न गण्डकीमा जीवन रक्षा कोष निरन्तर

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

गण्डकी प्रदेश सरकारले व्यवसाय जीवन रक्षा कोषलाई अझै प्रभावकारी रुपमा अगाडि बढाउने भएको छ ।

कोभिडबाट प्रभावित भएका साना तथा मझौला व्यवासायीलाई लक्ष्य गरी सरकारले चालु आर्थिक वर्षको बजेटमा १ अर्बको कोष स्थापना गरेको थियो । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नीति तथा कार्यक्रममा यो कोषलाई निरन्तरता दिइने गरी प्रतिबद्धता आइसकको बताए । नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशकसहित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसँगको छलफलमा सोमबार उनले भने,'प्रदेशभित्रका साना तथा मझौला व्यवसायी जो कोभिडबाट प्रभावित भएका छन्, उनीहरुको राहतका लागि यो कार्यक्रम आएको हो, यसले ३ वर्षसम्म निरन्तरता पाउँछ । मुख्यमन्त्री पोखरेलले परम्परागत रुपमा ऋण लिने तरिकामा परिमार्जन गरी सहज बनाउन समेत उनले आग्रह गरे । ससना व्यवसायीलाई लक्ष्य गरिएको कार्यक्रम भएकाले त्यसै अनुसार प्रोत्साहन गर्न गर्न उनले



बैंक तथा वित्तीय संस्थालाई निर्देशन समेत दिए । निमित्त प्रमुख सचिव रामचन्द्र ढकालले प्रदेश सरकारले १ अर्ब लगानी गर्दा बैंक तथा वित्तीय संस्थाहरुबाट ८ अर्बको हाराहारीमा लगानी हुने भएकाले यो कार्यक्रम निकै प्रभावकारी रहेको बताए । मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयकी सचिव इन्दु घिमिरेले विषयवस्तुका बारेमा जानकारी गराएकी थिइन् ।

नेपाल राष्ट्र बैंक पोखरा कार्यालय निर्देशक ईश्वरीप्रसाद भट्टराईले सुरुमा कार्यविधिका कारण केही असहज भए पनि अहिले भने प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन भएको बताए । उनले यो कार्यक्रमका लागि ६ हजार ७ सय ७८ निवेदन परेको र ७ अर्ब ६६ करोड माग भएको जानकारी दिए । उनका अनुसार त्यसमध्ये ४ अर्ब ५४ करोडका लागि पूर्व सहमति प्राप्त भइसकेको छ । उनले भने, 'अहिलेकै अवस्थामा वार्षिक ६० करोड व्याजमा खर्च हुन्छ र सरकारले छुट्याएको रकमले अहिलेको अवस्थामा डेढ वर्षलाई पुग्छ । कोभिड १९ ले पर्यटन, यातायात, कृषि उत्पादन, तथा सेवा क्षेत्रमा परेको प्रभाव कम गर्न सरकारले जीवन रक्षा कोष सञ्चालनमा ल्याएको हो । यसका लागि ४ शीर्षक बनाएर कर्जा प्रवाह गरिएको छ । न्यूनतम ५० हजार देखि १५ लाख रुपैयाँसम्म कर्जा उपलब्ध गराउने र त्यसको ब्याज प्रदेश सरकारले बेहोर्ने गरी कार्यविधि बनाइएको छ । कर्जाको अधिकतम अवधि ३ वर्ष तोकिएको छ । राष्ट्र बैंकका निर्देशक भट्टराईले कर्जाका लागि सानो अंक माग गर्नेलाई प्राथमिकमा राखिए पनि अधिकतम अंक माग गर्ने धेरै रहेको बताए । कुल कर्जाको ५० प्रतिशत अर्थात् ५ लाखसम्म माग गर्नेलाई प्रदान गर्ने प्राथमिकता राखिएको उनको भनाइ थियो । बीचको अवधिमा निषेधाज्ञा जारी भएकाले बैंक तथा वित्तीय संस्थाको काम समेत प्रभावित भएकाले यो कार्यक्रममा पनि असर परेरको बैंकरहरुले बताएका छन् । निषेधाज्ञा पनि खुलेको र अब मालपोत कार्यालय खुलेकाले कर्जा प्रवाहको काम प्रभावकारी रुपमा हुने विश्वास उनीहरुको छ ।

एनआइसी एसिया प्रदेश कार्यालय प्रमुख दीपेन्द्र शर्माले बैंकको तर्फबाट सरकारलाई सकारात्मक सहयोग नै रहने प्रतिबद्धता जनाए । उनले भने, 'लकडाउने हामीलाई पनि प्रभावित बनायो । ५० प्रतिशत कर्मचारीबाट काम गराउँदा यो कार्यक्रम स्वभाविक रुपमा प्राथमिकतामा परेको छैन । तर पनि काम भइरहेको छ ।' राष्ट्र बैंकका निर्देशक भट्टराईले संघ सरकारले लागु गरेको पुनर्कर्जा पनि राम्रैसँग प्रवाह भएको बताए ।

पोखराको पर्यटन क्षेत्रमा पुनर्कर्जा गर्न भने समस्या रहेको उनको भनाइ थियो । उनले भने, 'पर्यटकीय राजधानी पोखरामा बैंक तथा वित्तीय संस्थाको कर्जा लागनी १७ अर्बमात्र देखिएको छ । व्यवसायका नाममा भन्दा व्यक्तिगत कर्जा बढी देखिन्छ । त्यसको असर पुनर्कर्जामा देखिन्छ ।' तै पनि यो वर्षमात्रै गण्डकी प्रदेशमा १३ अर्ब पुनर्कर्जा गएको छ । मुलुकभरको १ सय २३ अर्बमध्ये यो रकम निकै उत्साहजनक हो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# अन्तर्राष्ट्रिय पदक विजेता सुरेश

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**



रिङमा थिए भारतीय बक्सर- मनोज पिङ्ले । स्वर्णको अपेक्षामा नेपाली बक्सर सुरेश मल्ल ठकुरी प्रतिस्पर्धामा अगाडि बढे । सुरेश त्यसबेलामात्र २० वर्षका थिए ।

खेल थियो, चौथो साफ च्याम्पियनसीप । नेपालको प्रतिनिधित्व गर्दै आजभन्दा ३२ वर्षअघि पाकिस्तानको राजधानी इस्लामावादमा उनी साफ खेल्न गएका थिए। क्वार्टरफाइनलमा सुरेशले बंगलादेशका खेलाडीलाई पाखा लगाइसकेका थिए । सेमीमा पाकिस्तानी अर्का खेलाडीको चुनौती समाप्त पार्दै नजिक नजिक पुगे । सुरेशले भारतकै टप बक्सर मनोजसँग फाइनलमा रिङ उत्रिए । बेन्टम क्याटगोरीको खेल थियो । आफ्नो पक्षमा जित आउने आशा गरेका सुरेश त्यसबेला रजतमा सीमित भए । ५१ वर्षीय सुरेशले अहिले सम्झिन्छन्, 'चौथो साफमा निष्पक्ष रुपमा निर्णय गरी मेरो पक्षमा स्वर्ण भैदिए भए जीवनमै कायापलट हुन्थ्यो । स्वर्ण अक्षरले नाम लेखिन्थ्यो ।'

सुरेशले चौथोमात्र हैन, पाँचौ साग पनि खेले । श्रीलंकाको राजधानी कोलम्बोमा आयोजित पाँचौ साउथ एशिया फेडेरेसन गेम्स, १९९१ मा उनको नाममा कास्य पदक छ । नेपालमै सन् २०१९ मा भएको १३ औं सागमा भने उनी प्रशिक्षक थिए । त्यस्तै, सन् १९८९ मा इण्डोनेसियामा आयोजित १२ औं प्रेसिडेन्ट कप इन्टरनेशनल एमेच्युर बक्सिङ टुर्नामेन्ट-१९८९ मा उनले भाग लिने अवसर पाएका थिए । त्यसबेला विभिन्न क्याटागोरीमा नेपालबाट ९ जनामात्र खेलाडी छानिएका थिए। तर उनीसहित प्रचण्ड शर्माले मात्र गरी कास्य पदक देशका लागि भित्राए । यो पनि सुरेशका लागि अहिलेसम्मकै सुखद क्षण भएको बताउँछन् । खेलकुद क्षेत्र राष्ट्रिय एकताको प्रतीक भएको उनी बताउँछन् । 'जीवन नै यही खेलमा गयो । अहिलेसम्म पनि रिङमै भेटिन्छु ।' पोखरा रंगशालमा उनले अझै पनि बिहानबेलुका गरी दैनिक करिब ४० जनालाई बक्सिङ प्रशिक्षण दिने गरेका छन् । हालसम्म उनले ३ सयभन्दा बढीलाई प्रशिक्षण दिइसकेको बताउँछन् । कास्की जिल्ला बक्सिङ संघ मार्फत प्रशिक्षण दिने सुरेशमात्र हुन् । उनी हाल पोखरा ७ सुकुम्बासी बस्ती बस्छन् । २२ वर्षदेखि निरन्तर बक्सिङ प्रशिक्षण गर्दै आएका उनले सातौं र आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गण्डकीलाई पदक जिताउन सफल भएका छन् । सातदोबाटोमा आयोजित प्रथम यु-१९ महिला तथा पुरुष खुला राष्ट्रिय बक्सिङ प्रतियोगिता, २०७६ मा उनी प्रशिक्षणको गण्डकीको टिम च्याम्पियन बनेको थियो । त्यसबेला गण्डकीले ३ स्वर्ण, २ रजत र ३ कास्य जितेको थियो । यस्तै, भारतको पटियालामा डिप्लोमा इन बक्सिङ कोर्स लिन सफल प्रियंका बर्माका प्रशिक्षक उनै सुरेश हुन् । उनको परिचय अहिले रेफ्री जज हो । परेको बेला रेफ्री र जज दुवै भ्याउँछन् । नाच्न सिपालु उनी बरोबर टिकटकमा पनि भेटिन्छन् । सानो छँदा स्कुल आउजाउ क्रममा रंगशालामा बक्सिङ खेलेको देखिरहन्थे । एक दिन कक्षा छोडेर रंगशाला छिरे । हेर्दै र बुझ्दै जाँदा उनी पनि यसप्रति आकर्षित भए । सिक्ने हुटहुटी जाग्यो । विद्या मर्सानीले उनलाई ४/५ दिनको कक्षा दिए । त्यसपछि बुटवलमा आयोजित ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०४४ खेल्ने अवसर पाए । किनकि उनले पोखरामा छनोटमा रजत जितेका थिए । त्यसपछि क्लोज क्याम्प बसे । क्रमशः विभिन्न प्रतियोगितामा भाग लिँदै गए । १९८८ मा काठमाडौंमा आयोजित चौथो आमन्त्रित बक्सिङ च्याम्पियनसीपको स्वर्ण पनि उनकै नाममा छ । उनी फेदर वेटमा प्रथम भए । कोलम्बोमा आयोजित पाँचौ साउथ एशिया फेडेरेसन गेम्स १९९१ मा कास्य पदक हासिल गरेका उनले १९९४ मा जापानको हिरोसिमामा आयोजित १२ औं एशियन गेम्समा नेपालको तर्फबाट सहभागिता जनाए । १९९० मा बेइजिङमा आयोजित ११ औं एशियन गेम्समा पाँचौ स्थान हासिल गरे । सोही उपलब्धिमार्फत उनी बैंककमा सातौ वर्ल्ड कपमा भाग लिने अवसर पाएका थिए ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पाँचौ पोखरा स्पोर्टस् अवार्डमा उनी उत्कृष्ट प्रतिशक विधामा मनोनयनमा परेका छन् । असार १८ मा हुने अवार्ड वितरणमा उनको प्रतिस्पर्धामा पौडीका आनन्द कुँवर र फुटबलका किरण श्रेष्ठसँग हुनेछ । तीमध्ये एकले ३५ हजारसहित अवार्ड जित्ने छन् ।

# कालीगण्डकी परियोजनाविरुद्ध स्याङ्जाका पाँच राजनीतिक दल

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १५ असार**

कालीगण्डकी नदी डाइभर्सन आयोजनाको विरोधमा स्याङ्जाका ५ राजनीतिक दल एकै ठाउँमा उभिएका छन् ।

कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय परियोजनाको कार्यालय स्थापनासँगै यहाँका क्रियाशील पाँच राजनीतिक दलले यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै सङ्घर्षका लागि तयार रहन आग्रह गरेका छन् ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमाले, जसपा नेपाल र राष्ट्रिय जनमोर्चाले सोमबार एक विज्ञप्ति जारी गर्दै उक्त योजना राष्ट्रिय हितमा नरहेको स्पष्ट हुँदाहुँदै पनि जबर्जस्ती कार्यालय स्थापना गर्ने कार्य बद्नियतपूर्ण रहेको जनाएको छ । कांग्रेसका कार्यवाहक सभापति बुद्धिबहादुर राना, नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक शैलेन्द्र घिमिरे, नेकपा एमालेका अध्यक्ष रामचन्द्र भट्टराई, जसपा अध्यक्ष श्याम ढकाल र राजमा अध्यक्ष राजेन्द्र गैरेले संयुक्त रुपमा विज्ञप्तिमा हस्ताक्षर गरेका हुन् ।

प्राचीन मानव सभ्यताको उद्गम स्थल, सनातन संस्कृतिको धरोहर, शालिग्राम पाइने विश्वको एकमात्र नदी कालीगण्डकीको प्राकृतिक माग परिवर्तन गर्ने गरी जुन योजना अगाडि बढाउन थालिएको छ, यो कार्यप्रति स्याङ्जाका क्रियाशील पाँच राजनीतिक दलको गम्भीर ध्यानाकर्षण भएको कांग्रेस कार्यवाहक सभापति रानाले बताए ।

"सामाजिक, साँस्कृतिक, प्राकृतिक एवं वातावरणीय, आर्थिक पक्षको बृहत् अध्ययन, सरोकारवालाहरुसँगको गहन छलफल तथा परामर्श विना सङ्घीयताको मर्म र भावना विपरित यो परियोजना अगाडि बढाउन खोजिएको छ", उनले भने, "सीमित स्वार्थमा सम्झौता गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।" यस परियोजनाले कालीगण्डकी जलाधार क्षेत्रमा बसोबास गर्ने नागरिकको जनजीवन प्रभावित पार्ने र कृषि उत्पादनको ठूलो भूभाग मरुभूमिकरणमा परिणत हुने नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक घिमिरेले बताए । "यो परियोजनाको निर्माणले आर्थिक क्षति धेरै हुनुका साथै जलाधार क्षेत्रमा बसोवास गर्ने नागरिकको जनजीवनलाई गम्भीर असर पर्न गई विस्थापितसमेत हुनुपर्ने अवस्था समेत आउन सक्छ", उनले भने, "राष्ट्रिय हितमा नरहेको यो परियोजना सञ्चालन गर्ने उद्देश्यले कार्यालय स्थापना गरेर कार्य अगाडि बढाउन खोज्नु बद्नियतपूर्ण छ ।" नेपालीको हितमा नरहेको यो परियोजनाका विरुद्धमा डटेर सामना गर्न दलहरु प्रतिवद्ध रहेको विज्ञप्तिमा उल्लेख छ । यसका विरुद्धमा आ-आफ्नो ठाउँबाट आवाज बुलन्द गर्न र आवश्यक परेको खण्डमा सङ्घर्षका लागि तयार रहन पनि विज्ञप्तिमार्फत अपिल गरिएको छ । .

कालीगण्डकी नदी स्याङ्जा, पर्वत र गुल्मीको सङ्गमस्थल सेतीवेणी शिलादेखि स्याङ्जा, तनहुँ र पाल्पाको सङ्गमस्थल केलादीघाटसम्म स्याङ्जा जिल्ला भएर वगेको छ ।

स्याङ्जा र पाल्पाको सङ्गमस्थल रामनदी धाम राम्दीभन्दा केही तलबाट बाँध बाँधेर डाइभर्सन गरी तिनाउ नदीमा पानी लैजाने यसअघि पनि पटक पटक छलफल तथा प्रयासहरु भएका थिए । तर बाँध बाँध्ने स्थलभन्दा तल्लो तटीय क्षेत्रमा रहेका स्याङ्जा, पाल्पा, तनहुँ, नवलपुरलगायतका जिल्लावासीले यसको विरोध गर्दै आएका छन् ।

कालीगण्डकी डाइभर्सन परियोजनाको विरोधमा गण्डकी प्रदेश सरकारले सोमबार बोलाएको सर्वपक्षीय बैठकमा प्रदेशका विभिन्न राजनीतिक दल तथा संघसंस्थाले यो आयोजना तत्काल रोक्न सरकारसँग माग गरेका थिए ।

# 'कृषिलाई व्यावसासयक बनाउन सरकार प्रतिबद्ध'

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश सरकार कृषिलाई आधुनिक एवम् व्यावसायिक बनाउन प्रतिबद्ध रहेको बताएका छन् ।

१८ औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव २०७८ का अवसरमा शुभकामना व्यक्त गर्दै उनले प्रदेश सरकारले जग्गा चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिई चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि फार्म सञ्चालनलाई प्राथमिकतामा राखिएको बताएका हुन् । उनले भनेका छन्, 'कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरण मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसरहरु सिर्जना तथा खाद्य सुरक्षा र नागरिकको स्वास्थ्यको प्रत्याभूति गर्ने नीति प्रदेश सरकारको छ ।' 'धान उत्पादनमा वृद्धिः खाद्यसुरक्षा, आत्मनिर्भरता र समृद्धि' नाराका साथ आज मुलुकभर १८ औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव २०७८ मनाइँदैछ । यसै दिवसका अवसरमा मुख्यमन्त्री पोखरेलले सम्पूर्ण नेपाली नागरिक तथा कृषक दाजुभाइ दिदीबहिनीमा सुख, समृद्धि, उन्नति र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गरेका छन् । हिलो खेल्ने, रोपाइँ जात्रा, दहीच्यूरा खाने दिनका रुपमा असार १५ गतेलाई मनाउने परम्परा छ । वि.सं. २०६१ मा विश्वका ४३ राष्ट्रले संयुक्त राष्ट्रसंघलाई अन्तराष्ट्रिय धान वर्ष घोषणा गरेपछि नेपालमा पनि वि.सं. २०६१ मंसिर २९ गते मन्त्रिस्तरीय निर्णय गरी वि.सं. २०६२ असार १५ गतेदेखि धान दिवस मनाउन थालिएको हो ।

असार १५ लाई सभ्य, भव्य र उल्लासपूर्वक मनाई नेपालमा धान संस्कृतिको जगेर्नामा हातेमालो मुख्यमन्त्री पोखरेलले सबैमा अनुरोध गरेका छन् ।

# स्याङ्जामा असार २५ सम्म निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १५ असार**

स्याङ्जामा यही असार २५ गतेसम्म निषेधाज्ञा थप गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले मंगलबार सूचना जारी गर्दै यस अघि कायम रहेको निषेधाज्ञालाई बढाएर असार २५ गतेसम्म कायम रहने जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी दिपकराज नेपालद्वारा जारी सूचनामा गत वैशाख २१ गते देखि सुरु भएको निषेधाज्ञा कोरोना संक्रमणको जोखिम जिल्लामा कायमै रहेकोले निषेधाज्ञा थप गरिएको हो ।

# थपिए दुई हजार ६३६ संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

नेपालमा पछिल्लो २४ घण्टामा दुई हजार ६३६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । ११ हजार ७४८ नमूना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

सोही अबधिमा सात हजार २५९ पिसिआर र चार हजार ४८९ एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो । मंगलबार चार हजार ३४८ जना कोरोना मुक्त भएका छन् । नेपालमा कोरोनामुक्त हुने ९३ प्रतिशत पुगेको छ ।

साथै सोही अबधिमा कोरोनाबाट २० जनाको मृत्यु भएको छ । हालसम्म कोरोनाबाट नौ हजार ७१ जनाको ज्यान गएको मन्त्रायले जनाएको छ ।

# देशभर २७ प्रतिशत धान रोपाइँ

**रासस**
**काठमाडौं, १५ असार**

धान रोपाईं हुने क्षेत्रफलमध्ये देशभर करिब २७ प्रतिशतमा वर्षे धान रोपाइँ सम्पन्न भएको छ ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका अनुसार असार १५ सम्ममा देशभर २७ दशमलव १२ प्रतिशत क्षेत्रफलमा वर्षे धान रोपाइँ सम्पन्न भएको हो । सात प्रदेशमध्ये हालसम्म कर्णाली प्रदेशमा सबैभन्दा बढी धान रोपाइँ भएको केन्द्रका प्रमुख रामकृष्ण श्रेष्ठले जानकारी दिए । उनले कर्णाली प्रदेशमा छिटो रोपाइँ थालिने भएका कारण पनि सबैभन्दा बढी रोपाइँ सकिएको जानकारी दिए । प्रमुख श्रेष्ठका अनुसार प्रदेश नं १ मा दुई लाख ७५ हजार ९०१ हेक्टर क्षेत्रफलमध्ये हालसम्म ४९ हजार ६२३ हेक्टरमा धानबाली रोपिएको छ । यो धान रोपाइँ हुने कूल क्षेत्रफलमध्ये १७ दशमलव ९९ प्रतिशत रहेको छ । त्यस्तै प्रदेश नं २ मा १० दशमलव ५५ प्रतिशत मात्र रोपाइँ सकिएको छ । तीन लाख ६५ हजार ६१५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म यो प्रदेशमा ३८ हजार ५८६ हेक्टरमा मात्र धानबाली रोपाइँ सकिएको छ । वाग्मती प्रदेशको एक लाख १५ हजार २९५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म २१ दशमलव ०७ अर्थात् २४ हजार २८८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ । यसैगरी गण्डकी प्रदेशमा १० लाख आठ हजार २७८ हेक्टर क्षेत्रफलमध्ये हालसम्म १५ दशमलव ३४ प्रतिशत अर्थात् १६ हजार ६१२ हेक्टरमा, लुम्बिनी प्रदेशमा तीन लाख ३ हजार ५९३ हेक्टर क्षेत्रफलमध्ये ४५ दशमलव ९४ प्रतिशत अर्थात् एक लाख ३९ हजार ४५६ हेक्टर, कर्णाली प्रदेशमा ३८ हजार ३८५ हेक्टर क्षेत्रफलमध्ये ६२ प्रतिशत अर्थात् २३ हजार ८५० हेक्टर क्षेत्रफलमा र सुदूरपश्चिम प्रदेशमा एक लाख ६४ हजार ६३९ हेक्टर क्षेत्रफलमध्ये ४८ दशमलव ३१ प्रतिशत अर्थात् ७९ हजार ५४० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको प्रमुख श्रेष्ठले जानकारी दिए । गत वर्ष असार १५ गतेसम्म सातै प्रदेशमा ३५ दशमलव ४८ प्रतिशत धान रोपाइँ सकिएको थियो । सातै प्रदेशका १३ लाख ७१ हजार ७०६ हेक्टर क्षेत्रफलमध्ये चार लाख ८६ हजार ६६२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको थियो ।






## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# संक्रमणलाई फैलाउने काम नगर

कोरोना संक्रमणको 'चेन ब्रेक' नहुँदै सार्वजनिक सवारी साधन संचालनमा आएका छन । निजी सवारी साधन जोरविजोर नम्बरका आधारमा चल्दै आएका छन । अहिले सडकमा सवारीको चाप बढेको छ । दैनिक जीवनयापनमा समस्या आउन थालेपछि सरकारले निषेधाज्ञा निकै खुकुलो पारेको छ । रोगबाट भन्दा भोक र शोकका कारण निषेधाज्ञा खुकुलो बनाएको हो । आर्थिक समस्याले गर्दा सरकार जनस्वास्थ्यविदको सुझावलाई वेवास्ता गर्न पुगेको छ । नाम मात्रको निषेधाज्ञा कायमै रहँदा रोग प्रसारको जोखिम भने बढेको छ । भाइरोलोजिष्टले, अहिले कोरोना संक्रमणको 'चेन ब्रेक' भएको छैन भन्दै आएका छन । संक्रमणको जोखिम कायमै छ । 'संक्रमणको जोखिम हटेको छैन । सार्वजनिक सवारीसाधन प्रयोग गर्दा र बाहिर निस्कँदा झन बढी सतर्कता अपनाउनै पर्छ ।'

काठमाडौं उपत्यकामा मंगलबारदेखि निषेधाज्ञा थप खुकुलो बनाउँदै एक साता थपिएको छ । काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीको बैठकले गरेको निर्णयसंगै जनजीवन सामान्य बनेको जस्तो गरि सवारी चाप बढेको छ । काठमाडौंको सिको गरेर अन्य जिल्लामा पनि नाम मात्रको निषेधाज्ञा छ । २५ सिट क्षमताभन्दा माथिका बस जोर-बिजोर प्रणालीका आधारमा चल्न दिंदा जनस्वास्थ्यका मापदण्ड पालना हुने छाँट देखिदैन । नियामक निकायले चालक, सहचालक र यात्रुले अनिवार्य स्वास्थ्य मापदण्ड पालना गराउन सक्छ कि सक्दैनन् अहं प्रश्न हो ।

लामो समय बन्द भएर घाटा व्यहोरिरहेका सार्वजनिक यातायातले स्वास्थ्य मापदण्ड पालना नगरी यात्रु कोच्ने संभावना रहेको छ । विगतमा 'बसका सिटमा भौतिक दूरी कायम नरहेको, प्रत्येक सिटमा सेनिटाइजर नगरिएको तीतो यथार्थ छ। यसलाई कडाइका साथ अनुगमन गर्ने हो भने निषेधाज्ञा खुकुलो गरेर जनताले सहजरूपमा लिन्छन् ।' निषेधाज्ञाको आदेशमा खाद्यान्न, दूध तथा दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, माछा, मासु, पूजा सामग्री पसल, खेलकुद सामग्री पसल र स्टेसनरी पसल साँझ ६ बजेसम्म खुल्ने उल्लेख छ । यसअघि सरकारले असार १७ गतेदेखि आन्तरिक हवाई उडान पनि खोल्ने निर्णय गरिसकेको छ। सबै क्षेत्र खुला हुँदा संक्रमण बढ्न सक्छ भनेर जनतालाई सचेत पार्न सक्नुपर्छ ।

'संक्रमणको पहिलो र दोस्रो लहरबीचको अवधि जस्तो पनि छैन । दुई हजार पाँच सयको हाराहारीमा त अहिले पनि नयाँ संक्रमित भेटिएकै छन् । चेन ब्रेक भइहालेको भनि यकिन गर्न नसकिने विज्ञका सुझावलाई हल्का रुपमा लिने भुल गर्नु हुँदैन । कोरोना भाइरस संक्रमण फैलिने कारणमा राजनीतिक दल,नागरिक समाज र हाम्रा चाडपर्व पनि हुन।राजनीतिक दलले संक्रमण फैलिएर केही असर पार्दैन सत्ता पाइएन वा गुमे सर्वनास हुन्छ भन्ने मानशिकता देखिन्छ । विघटित प्रतिनिधि सभा पुनर्स्थापना र प्रधानमन्त्री केपी शर्मा ओलीको विस्थापन माग गर्दै दल निकट विद्यार्थी संगठनहरूले सडक आन्दोलनसमेत गर्दै आएका छन् । यसले पनि संक्रमणको जोखिम झन् बढाएको विज्ञहरूको भनाइ छ । सरकारलाई संक्रमण फैलन नदिन सघाउनु पर्ने बेला उल्टै सडक आन्दोलन गर्नु विडम्बना हो ।

सत्तारुढ एवं विपक्षी दलका गुटगत भेलाले पनि संक्रमणको जोखिम बढाएको हो । २५ जनाभन्दा बढी भेला हुन नपाउने प्रोटोकल दलहरू उल्लंघन गरिरहेका छन् ।, 'सडक प्रदर्शन बढ्दै गए संक्रमणको तेस्रो लहरलाई निमन्त्रणा दिए सरह हुनेछ ।' संक्रमितहरूमध्ये कतिपय आइसोलेसनमा छन् । आइसोलेसनमा बस्दा वाक्क लाग्यो भन्दै सडकमा ओर्लने संभावना पनि उत्तिकै छ । 'आइसोलेसनको अनुगमन भएकै छैन । मान्छेहरू जथाभावि हिँड्न थालिसकेका छन् । आइसोलेसनमा इमान्दारीपूर्वक नबस्ने व्यक्तिबाट हुन सक्ने संक्रमणको जोखिम छ ।' यस्तो अवस्था जान्दाजान्दै सडक आन्दोलन गर्नु गैरजिम्मेवारीपन हो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलका अनुसार, कोरोना संक्रमण तुलनात्मक रूपमा घटे पनि जोखिम हटेको छैन । उनले भने, 'निषेधाज्ञा खुकुलो भए पनि संक्रमणको जोखिम उत्तिकै छ । काम नपरी घर बाहिर निस्कनु हुँदैन । अत्यावश्यक काममा निक्लनै परे स्वास्थ्य मापदण्ड पालना गरेर सुरक्षित भएर निस्कनु होला ।'

# राष्ट्रियसभा अध्यक्ष तिमिल्सिना र इजरायली राजदूत गोडर धान खेतमा

**पोखरापत्र संवाददाता**
**पर्वत, १५ असार**

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको जन्मगाउँ पर्वतको मोदी गाउँपालिका-७ राम्जामा आज उहाँसहित धान रोपाईं भएको छ।

राष्ट्रियसभाको अध्यक्ष भएपछि दुई दशकपछि तिमिल्सिनाले मल्काको आफ्नै खेतमा पुगेर हलो जोत्नुभएको छ । असार १५ मा हिलोमा पस्नुपर्छ भन्ने नेपाली मान्यता छ । अध्यक्ष तिमिल्सिनाले हलो जोतिरहँदा इजरायली राजदूत हनान गोडर बाउसे बनेर साथ दिन पुग्नुभएको थियो । अध्यक्ष तिमिल्सिनाले विसं २०५९ पछि आफ्नै जन्म गाउँमा पुगेर रोपाईंमा सहभागी हुँदा असाध्यै रोमाञ्चित भएको जनाउँदै भन्नुभयो "लामो समयपछि पनि रोपाईंका लागि हलो जोत्न, आली लगाउन बिर्सेको रैनछु भन्ने सुखद अनुभूति भएको छ ।" कृषि उत्पादनलाई निर्वाहमुखी र परम्परागत रूपमा मात्रै सिमित गर्दा यसले आम्दानी र जीवनस्तरमा सुधार आउन नसकेकाले अब व्यवसायिक कृषि प्रवर्द्धन गर्नुपर्ने पर्नेमा उहाँले जोड दिनुभयो । उन्नत प्रविधि र नष्लको प्रयोग गरेर व्यवसायिक रूपमा खेती गर्दै आयतलाई प्रतिस्थापन गर्नु अहिलेको प्रमुख कार्यभार भएको उहाँले उल्लेख गर्नुभयो ।

इजराल कृषिमा विश्वकै नमुना देश मानिन्छ । राजदूतले मोदी गाउँपालिकासँग कृषि उत्पादनका क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता जनाउनुभयो । कोभिड १९ का कारण औपचारिक कार्यक्रम र भीडभाड हुने कार्यक्रम नगरिने भएकाले अध्यक्ष तिमिल्सिना जन्मगाउँ राम्जा पुगेर रोपाँईमा सहभागी हुनुभएको हो ।

सो कार्यक्रम स्वास्थ्य मापदण्ड पालना गरेर सञ्चालन गरिएको मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किसानबहादुर क्षेत्रीले जानकारी दिनुभयो । सो अवसरमा पर्वतकी प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्री, मोदी गाउँपालिकाकी उपाध्यक्ष सेती महतलगायत सहभागी हुनुभएको थियो ।

# तरुण दल जिल्ला सदस्यमा गुरुङ मनोनित

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

नेपाल तरुण दलको कास्की जिल्ला सदस्यमा पोखरा ३१ निवासी विक्रम गुरुङ मनोनित भएका छन् ।

उनलाई नेपाल तरुण दल कास्कीका अध्यक्ष मनोज गुरुङले मंगलबार मनोनयन गरेका हुन् । मनोनित भएका गुरुङ यसअघि नेपाल आदिवासी जनजाती संघ पोखरा ३१ का वडा शभापति रहेका थिए । जिल्ला सदस्यमा मनोनित भएपछि गुरुङले तरुण दल तथा कांग्रेसलाई बलियो बनाउन आफुले उल्लेख्य भूमिका खेल्ने प्रतिवद्धता ब्यक्त गरेका छन् ।

जिल्ला शभापति मनोज गुरुङले पनि तरुण दललाई पोखराका हरेक वडा तथा जिल्लाका सबै पालिकाहरुमा मजबुत बनाउने र संगठनको नेतृत्व सबै स्थानमा पुऱ्याउने उदेश्यका साथ गुरुङलाई जिल्ला सदस्यमा मनोनयन गरेको जानकारी दिएका छन् ।

# दानाको मोतीचौर बराहमा १०८ धारा निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ असार**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाको मोतीचौर बराहमा १०८ धारा निर्माण गरिएको छ । समुद्री सतहदेखि दुई हजार २०० मिटर उचाइमा रहेको धार्मिक एवं पर्यटकीयस्थल मोतीचौरमा धार्मिक पर्यटनको विकास गर्ने उद्देश्यले सो धारा निर्माण गरिएको हो ।

अन्नपूर्ण गाउँपालिकाबाट विनियोजित रु आठ लाख, देश तथा विदेशमा रहेका दानावासीबाट प्राप्त सहयोग रु ११ लाख र रु तीन लाख बराबरको स्थानीयवासीको श्रमदान गरी कूल रु २० लाख लगानीमा सो धारा निर्माण गरिएको मोतीचौर बराह १०८ धारा निर्माण उपभोक्ता समितिका अध्यक्ष गङ्गाबहादुर थापाले बताउनुभयो । मोतीचौरमा सिद्ध र बराहको मन्दिर रहेको छ । यहाँ प्रत्येक वर्ष जनैपूर्णिमाका अवसरमा विशेष पूजाआजा हुने गर्दछ । जिल्ला र जिल्लाबाहिरका भक्तजनले आफ्नो मनोकाङ्क्षा पूरा गर्नका लागि बलिसहित त्यहाँ भाकल तथा पूजा गर्न आउने गर्दछन् । सन्तान नभएकालाई सन्तानको वर प्राप्त हुने भएकाले पनि यस क्षेत्रको अझै बढी महत्व रहेको मोतीचौर बराहका संरक्षक टेकबहादुर थापाले बताउनुभयो । बलि नदिई पूजा गर्नेहरूका लागि १०८ धाराको नजिकै लक्ष्मीनारायणको मन्दिरसमेत निर्माण भइरहेको छ । मोतीचौर बराहका संरक्षक थापा, लेफ्टिनेन्ट बेलबहादुर पुर्जा, हरिमाया राम्जाली, आनन्द शेरपुञ्जा, अन्नपूर्ण गाउँ कार्यपालिका सदस्य थमबहादुर विश्वकर्मालगायतको पहलमा उक्त धारा निर्माण गरिएको हो ।

पवित्र धार्मिकस्थलमा भक्तजनलाई आकर्षित गर्न र आन्तरिक पर्यटनलाई पनि प्रवर्द्धन गर्नका लागि गाउँपालिकाबाट बजेट माग गरी धारा निर्माण गरिएको उपभोक्ता समितिका सचिव गङ्गा पुनले बताउनुभयो । यसले सो क्षेत्रको विकास र प्रचारमा थप सहयोग पुग्ने पुनको भनाइ छ ।

भारतको राजस्थानबाट ढुङ्गा र गाईमुखी लिएर धारा बनाइएको छ । गाउँको शिरमा रहेको धार्मिक तथा पर्यटकीय क्षेत्र मोतीचौरमा धारा निर्माणका लागि बेलायतलगायत विदेशमा रहेका दानावासीबाट करिब रु ११ लाख सहयोग प्राप्त भएको आर्थिक सङ्कलन अभियानकर्ता लेफ्टिनेन्ट पुर्जाले बताउनुभयो । उहाँका अनुसार हिउँदमा पनि नसुक्ने १०८ वटा मूलबाट पानी ल्याइएकाले पनि यो धाराको विशेष महत्व रहेको छ । यहाँ स्नान गर्ने भक्तजनको मन शुद्ध हुने र चिताएको पनि पुग्ने विश्वास लिइएको छ । मोतीचौरको धार्मिक पर्यटनलाई विकास गर्नका लागि यसै वर्षदेखि दाना, घट्टेखोला, डाँडागाउँबाट कुलिवाङ हुँदै द्वारी मोतीचौर पुग्ने सडक खन्न शुरु गरिएको छ । सो सडकलाई निरन्तरता दिनका लागि आगामी आर्थिक वर्षमा पनि वडाबाट रु १५ लाख बजेट विनियोजन गरिएको अन्नपूर्ण-३ दानाका वडाध्यक्ष नरसिंह पुनले जानकारी दिनुभयो ।

धारा निर्माणसँगै आवश्यक पूर्वाधार निर्माणतर्फ समितिले जोड दिएको छ । स्नानपश्चात कपडा फेर्ने ठाउँ, महिला/पुरुष शौचालय, व्यवस्थित घेराबार, पानीको मुहानको उचित संरक्षण, सिद्ध र बराह मन्दिर मर्मत, प्रवेशद्वार निर्माणलगायतका काम गर्न आवश्यक रहेकाले वडा, पालिका र देश विदेशमा रहेका दानावासीलाई सहयोगको आह्वान गरिएको उपभोक्ता समितिका सचिव पुनले बताउनुभयो ।


## कतार आई डी हराएको सूचना

**म नन्द बहादुर खत्रीको रामबजारबाट चाउथे जाने क्रममा मिति २०७७/११/०७ गते पर्स सहित कतार आई डी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नामः नन्द बहादुर खत्री**
**ठेगानाः पोखरा–१५, नयाँगाउँ**
**कतार आई डी नं.: 27152402718**
**सम्पर्क नं.: 9827119439**



## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०७८/०३/१६)

**यस बिकास बैंकको शाखा कार्यालय वालिङ, स्याङजामा खाता भएको स्याङजा जिल्ला साबिक जगत भन्ज्याङ गा.वि.स./ग.पा./न.पा. वडा नं. ०३ र हाल स्याङजा जिल्ला वालिङ गा.वि.स./ग.पा./न.पा वडा नं. ५ स्थित स्थायी बसोबास भएको श्री पदम सीं गुरुङको नाममा यस शाखा कार्यालयमा बचत खाता नं ००१०१९०००२६७३००००००१ रहेको र निजको मिति २०७८/०२/२७ मा मृत्यू भएकोले मिति २०७८/०३/०२ गा.वि.स./ग.पा./न.पा.को मृत्यू दर्ता नं.२०२७०४२३००३२८–२ प्रमाणपत्र अनूसार निज पदम सीं गुरुङको नाउँको खातामा इच्छाइएको व्यक्ति नभएकोले सोहि गा.वि.स./ग.पा./न.पा ऐ.ऐ. ठेगानामा वसोवास गर्ने उहाँको छोरा (नाता प्रमाणितको प्रमाणपत्रमा उल्लेख गरे वमोजिम) श्री गगन गुरुङले स्थानीय वालिङ गा.वि.स./ग.पा./न.पा.कार्यालयको सिफारिस सहित मृतक पदम सीं गुरुङको नाउँको यस बिकास बैंकमा माथि उल्लेखित शाखामा रहेको खाताको रकम पाउँ भनी आवश्यक कागजात सहित यस बिकास बैंकमा पेश गर्नुभएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्नेभए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस बिकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ वमोजिम निज निवेदक गगन गुरुङलाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : मानसिक तनाब | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मन चञ्चल |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा म.न.पा. वडा नं. ४ सूर्य विनायक मार्ग स्थित गणेश मन्दिर पछाडिको सडक स्तरोन्नती कार्य सम्पन्न गर्दा निम्न अनुसारको खर्च तथा आम्दानी भएको सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नाम : गणेश मन्दिर पछाडिको सडक स्तरोन्नती
योजनाको कुल लागत : रु. ११,०३,३५०/–
सम्झौता मिति : २०७८/०२/१९ गते
योजना शुरु मिति : २०७८/०२/२० गते
योजना सम्पन्न हुने मिति : २०७८/०३/१५ गते
योजना सम्पन्न भएको मिति : २०७८/०३/१३ गते
नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम : रु. ९,९३,०००/–
उपभोक्ता समितिबाट : रु. १,१०,३५०/–
जम्मा खर्च रु. ११,०६,३२५/–
अनुगमन समिति संयोजकः ओम कुमार मुल्मी

मदन कुमार मुल्मी
अध्यक्ष

**सूर्य विनायक मार्ग उपभोक्ता समिति**
**पोखरा-४, कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. २०१३/०६/०९ गते

स्वर्गारोहणः
वि.स. २०७८/०३/०७ गते

**स्वः डिलप्रसाद नेपाली**

पोखरा महानगरपालिका वडा नं. १३ अन्तर्गत पर्ने हिमाली टोल विकास संस्थाका सदस्य मैश्री नेपालीको पति **डिलप्रसाद नेपाली**को ६५ वर्षको उमेरमा भएको असामयीक निधनले हामी सम्पूर्ण टोलवासीहरु अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । परम्परादेखि चलि आएको आज उहाँको १० औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**क्या. तेजबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**हिमाली टोल विकास संस्था परिवार**
**हिमाली मार्ग पोखरा-१३, कास्की**

# खोपको व्यवस्था गरी व्यवसाय संचालनको वातावरण बनाउन पोउवा संघको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ असार**

पोखरा उद्योग वाणिज्य संघले निषेधाज्ञा खुकुलो बनाइएकोमा सन्तोष व्यक्त गर्दै सबै व्यवसाय निर्वाध संचालनको अवस्था सिर्जना गर्न सरोकारवालासँग माग गरेको छ।

कास्की प्रशासनले मंगलबार राति १२ बजेदेखि व्यापार-व्यवसाय गर्ने समयसीमा बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म कायम गराएकोमा धन्यवाद दिँदै संघले स्वास्थ्य मापदण्ड पूरा गर्दै सबै व्यवसाय खोल्ने वातावरण निर्माणको लागि आग्रह गरेको छ । संघका महासचिव सुरेन्द्रमान विजुक्छेद्धारा मंगलबार जारी विज्ञप्तिमा यसअघि कायम गरिएको व्यवसाय खोल्ने समयावधि परिमार्जनको लागि गरिएको सुझाव कार्यान्वयन भएकोमा जिल्ला प्रशासन कार्यालय कास्की र जिल्ला कोभिड व्यवस्थापन समितिलाई धन्यवाद ज्ञापन पनि गरिएको छ।

'निषेधाज्ञाको अत्यहीन श्रृंखला समस्याको समाधान हैन',महासचिव विजुक्छेद्धारा जारी विज्ञप्तिमा भनिएको छ,' अत : पोखरा उद्योग वाणिज्य संघ स्वास्थ्य मापदण्ड पूरा गर्दै सबै व्यवसाय खोल्ने वातावरण निर्माणको लागि सरोकारवाला निकायहरुसँग जोडदार माग गर्दछ ।' कोभिडकै कारण संघका पूर्वअध्यक्ष, कार्यसमिति सदस्य र साधारण सदस्य गुमाउनु परेको र धेरैजना व्यवसायी संक्रमित भएको तथ्य पेश गर्दै विज्ञप्तिमा स्वास्थ्य मापदण्ड कायम गर्दै व्यवसाय गर्न आग्रह पनि गरिएको छ।

# ७७ जिल्लामा निःशुल्क कानूनी सहायता

**रासस**
**काठमाडौं, १५ असार**

कानूनको पहुँचबाट बञ्चित नागरिकलाई समान अवसर अभिबृद्धि गर्न सरकारले ७७ वटै जिल्लामा निःशुल्क कानूनी सहायता दिने भएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले निःशुल्क कानूनी सहायताको सेवा ४७ जिल्लामा मात्र सीमित रहेकोमा आगामी आर्थिक वर्षदेखि सबै जिल्लामा अधिकृतस्तरको कानून व्यवसायीबाट कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गरेको हो । कानूनमन्त्री लिलानाथ श्रेष्ठले पद बहालीपश्चात छ महिनामा सम्पादित मुख्यकार्य विवरण रार्वजनिक गर्न मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा निःशुल्क कानूनी सहयाता सेवा, स्थानीय तहमा न्यायिक समितिको क्षमता अभिवृद्धि, निःशुल्क कानूनी सहायता तथा न्यषयमा सहज पहुँच सुनिश्चितका लागि गरिएका प्रयासलगायतबारे जानकारी गराइएको छ।

# मास्कमा सजिएर धान रोपाइँ

**पोखरापत्र संवाददाता**
**दमौली, १५ असार**

कोरोना कहरका बाबजूद पनि तनहुँको शुक्लागण्डकी नगरपालिका-६ स्थित खैरेनीकुना फाँटमा आज धान दिवस मनाइएको छ । कोरोना कहर र निषेधाज्ञाका बीचमा पनि १८ औ धान दिवस मनाइएको हो।

कृषि ज्ञान केन्द्र तनहुँ र दरगाउँ कालिका कृषि तथा सहकारी संस्थाको संयुक्त आयोजनामा भएको धान दिवस कार्यक्रममा उपस्थित सहभागीहरूले मास्क लगाएरै धान रोपाइ गरेका छन् । कोरोना त्रासमै पनि मुखमा मास्क लगाएर सयौ स्थानीयवासी कार्यक्रममा भेला भएका थिए। कार्यक्रममा अतिथिको रूपमा उपस्थित सरोकारवाला पञ्चेबाजा र असारे गीतको तालमा दबदबे खेतमा पस्नुभएको थियो । स्थानीयवासीको साथमा जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले र कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले हल गोरु समाएर खोप लगाउन थाल्नुभयो । गण्डकी प्रदेश सभा सदस्य आशा कोइराला र जिल्ला समन्वय समितिका उपप्रमुख पवित्रा पौडेल लगायत जनप्रतिनिधिहरू भने धानको बीउ रोप्नतर्फ लाग्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य कोइरालाले बाँझो रहेका जमीन उत्पादनमा लगाउनुपर्नेमा जोड दिँदै जमिनको सही उपयोग गर्नका लागि नीति बनाउनुपर्ने बताउनुभयो । जिससका प्रमुख वाग्लेले कृषि वस्तुको आयात दिनप्रतिदिन बढ्दो रहेकाले निर्यात बढाउनेतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो। जिल्लामा असार मध्यसम्म ५० प्रतिशत रोपाइँ सकिएको कृषि ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा ११ हजार पाँच सय हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ। त्यसमध्ये दुई हजार पाँच सय हेक्टर क्षेत्रफलमा चैतेधानको रोपाइँ हुने गरेको छ । यो वर्ष चाँडै वर्षा भएकाले कृषकलाई धान रोप्ने चटारो छ। यसैबीच रीष्ट्र्य धान दिवसको अवसर पारेर शुक्लागण्डकी-६ का किसानलाई अनुदानको फलामे हलो र हाते ट्र्याक्टर वितरण गरिएको छ। कृषि ज्ञान केन्द्रको ५० प्रतिशत अनुदानमा १८ जनालाई फलामे हलो वितरण गरिएको हो । ज्ञान केन्द्रले यहाँका वडाका किसानलाई अनुदानमा एक हजार ६ सय किलो उन्नत जातको धानको बीउ समेत वितरण गरेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८ सेदी हाइटमा जनमैत्री मार्गदेखि इन्फिनिटिसम्म बाटो ढलान गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नामः जनमैत्री मार्गदेखि इन्फिनिटिसम्म बाटो ढलान
स्थानः पोखरा–१८ सेदी हाइट
योजना सम्झौता मिति : २०७८/०२/१६ गते
योजना सुरु मितिः २०७८/०२/१७ गते
योजना सम्पन्न मिति : २०७८/०३/१५ गते
योजनाको कुल लागत : रु. १४,०७,२२०।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.६,५०,०००।–
उपभोक्ता समितिवाट : रु.७,५७,२२०।–
अनुगमन समिति संयोजकः विनोद तिमिल्सिना
घनश्याम गौतम
अध्यक्ष
**जनमैत्री मार्गदेखि इन्फिनिटिसम्म बाटो ढलान समिति**
पोखरा–१८, सेदी हाइड

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ गौंडा मुख, जयगंगा मार्गमा ओमशान्ती भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नामः ओमशान्ती भवन निर्माण कार्य
स्थानः पोखरा–१३ गौंडा मुख, जयगंगा मार्ग
योजना सम्झौता मिति : २०७७/०६/२७ गते
योजना सुरु हुने मितिः २०७७/०६/२९ गते
योजना सम्पन्न हुने मिति : २०७७/१२/२५ गते
योजनाको कुल लागत : रु. १०,००,८६३.१०।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.५,००,०००।–
जन सहभागितावाट : रु.५,००,८६३.१०।–
उपभोक्ता समिति अध्यक्षः
ब्रह्माकुमारी सपना/अप्सरा सुवेदी
उपभोक्ता समिति जम्मा सदस्यः ७
महिला सदस्यः ५ जना, पुरुष सदस्यः २ जना
**ब्रह्माकुमारी इश्वरीय विश्वविद्यालय-१३ उपभोक्ता समिति**
पोखरा–१३ गौंडा मुख, जयगंगा मार्ग

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २८ कालिकास्थानमा कालिका पोखरी संरक्षण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नामः कालिका पोखरी संरक्षण
स्थानः पोखरा–२८ कालिकास्थान, कास्की
योजना सम्झौता मिति : २०७८/०१/०७ गते
योजना सुरु मितिः २०७८/०१/०८ गते
योजना सम्पन्न मिति : २०७८/०३/०५ गते
योजनाको कुल लागत : रु. १७,६५,०००।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.१५,००,०००।–
जन सहभागितावाट : रु.२,६५,०००।–
जम्मा खर्च : रु १७,८०,०१२,४३।–
उपभोक्ता समिति अध्यक्षः हरि प्रसाद भण्डारी
उपाध्यक्षः बलराम त्रिपाठी, सचिवः केदारनाथ अधिकारी
कोषाध्यक्षः विष्णुमाया पौडेल
सदस्यः रामकृष्ण अधिकारी, सरला अधिकारी,
लेखनाथ भण्डारी, रिखुमाया कुइकेल, राजुप्रसाद अधिकारी
**कालिका पोखरी संरक्षण समिति**
पोखरा–२८,कालिकास्थान, कास्की



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## भावपूर्ण श्रद्धाञ्जली

**जन्मः**
**वि.स. १९८८/११/१७ गते**



**स्वः लोकमाया बास्तोला**

**स्वर्गारोहणः**
**वि.स. २०७७/०२/२९ गते**

हाम्री प्रातः स्मरणीय ममतामयी माता **लोकमाया बास्तोला** को मिति वि.स. २०७७ जेठ २९ गतेका दिन भएको स्वर्गारोहणको आज वार्षिक पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण बन्धुबान्धव, कुलकुटुम्ब, इष्टमित्र एवम् शुभेच्छुकहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं।

**छोरा/ बुहारीहरूः**
चक्रपाणी/ सिता बास्तोला
कृष्ण राज/ करूणा बास्तोला
रामजी प्रसाद/ भवानी बास्तोला

**छोरी/ ज्वाइँहरूः**
कमला/ स्व. केशव राज रेग्मी
विष्णु/ ईश्वरी ढकाल
स्व. ईश्वरी/ उत्तम/ सुमित्रा खरेल
ज्योति/ सुरेश चन्द्र पौडेल

**नाति/ नातिनी बुहारीहरू**
सुदर्शन/ अन्जना बास्तोला
प्रा. डा. सतिश/ ई. ईच्छा बास्तोला
रवी/ लक्ष्मी बास्तोला
रितेश/ रिता बास्तोला
ई. प्रतित/ सुनिता बास्तोला
ई. आशिस/ ई. संगिता ढकाल
ई. दिपेश/ ई. अनु खरेल
सि.ए. श्रिश पौडेल
आशुतोश पौडेल

**नातिनी/ नातिनी ज्वाइँहरूः**
डा. प्रभा/ डा. नेत्र राज दवाडी
डा. सोभा/ डा. राजु पौडेल
शान्ता/ दिपेन्द्र मर्सानी
डा. प्रिस्का/ डा. प्रवेश सिङ भण्डारी
डा. प्रसन्ना/ डा. प्रज्ञान शर्मा
फा. सिर्जना/ ई. विकास सिग्देल
ई. सुकृती/ ई. सनम पुडासैनी
दिप्ती/ सरोज रेग्मी
ई. तृप्ती/ डा. दिवस खड्का

**पनाति/ पनातिनीहरूः**
सिध्दान्त, साक्षी, सचित,
यासा, आर्या, रेहान, रूचि,
रूबिका, सान्भी, सार्या,
प्रनिश, प्रत्युश, आदित्य,
मुनमुन, संघर्ष, प्रियांस,
प्राज्ञी, काफिया, काया,
ब्रहध्दयुती, व्रिशांक, ऋग्वेद,
हृदय, देवान्सी